# आर्थिक बर्ष २०७५/७६
# को निति तथा कार्यक्रम सहितकोबजेट बक्तव्य

अदानचुली गाँउपालिका
श्रीनगर ,हुम्ला
२०७५

गाँउसभाको वैठकमा २०७५ साल असार १० गतेगाँउपालिकाका उपाध्यक्ष श्री सौमति रावल ऐडी ज्यूले प्रस्तुत गर्नुभएको

श्रद्धेय अध्यक्ष तथा विधायक ज्यूहरु,

विकासका सम्भाव्य अवसरहरुलाई सामाजिक न्याय, वडागत सन्तुलनका साथै साधन श्रोतको वास्तविक रुपमा कार्यान्वयन गर्न, आवश्यताका आधारमा प्राथमिकीकरण गरी गाउँपालिकाको समग्र विकासका निम्ति मार्गदर्शन गर्न निम्नलिखित नीतिहरु अवलम्बन गरी आर्थिक वर्ष ०७५/०७६ को अदानचुली गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको व्यहोरा निवेदन गर्न चाहन्छु।

अदानचुली गाँउपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारवाट स्वीकृत संघ प्रदेश र स्थानिय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानिय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानिय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास,वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्वन्धित विषयहरु, स्थानिय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय,संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप वस्ती/टोल स्तरवाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्वन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०७५/०७६ को बजेट प्रस्तुत गरेको छु ।

**माननीय सभाध्यक्ष ज्यू ,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,**

अव म बजेट तथा कार्यक्रमको उदेश्यर मुख्य मुख्य नीतिहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**बजेटको प्रमुख उदेश्यः-**

आ.ब.२०७५/०७६ को यस अदानचुली गाँउपालिकाको बजेट तथा कार्यक्रमको प्रमुख उदेश्य आर्थिक, सामाजिक पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई समुन्नत स्तरमा पुर्याउनु रहेको छ ।

यसका लागि कृषि पर्यटन जडिबुटी र जलश्रोतको सम्भावनालाइ अध्ययन, अनुसन्धान र समुचित प्रयोग गरी सडक, शिक्षा, स्वास्थ्य र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

मुख्य नीतिहरु

- अदानचुली गाँउपालिकाकोदक्षिण भाग ताँजाकोट गाउँपालिकाको सिमानाबाट कर्णाली कोरीडोर सडक विस्तार/ निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ । साथै यस गाँउपालिकाको केन्द्रदेखि सबै वडाहरुसम्म मोटरबाटो निर्माणलाई अगाडी बढाईने छ ।
- अदानचुली गाँउपालिकालाई २ वर्षभित्र दक्षिणतर्फबाट सडक सन्जालमा जोडी तिव्र पुर्वाधार विकासको गतिमा अघि बढाइनेछ ।
- स्वच्छ , सफा, सिसा र पलास्टिक रहित अदानचुली गाँउपालिका निर्माण गर्नको लागि खानेपानी सरसफाई र फोहरमैला व्यवस्थापनमा विशेष जोड दिइनेछ ।सुन्दर र समृद्ध गाँउपालिकाको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटन उद्योगको संभावनालाइ विस्तार गर्दै आवश्यक पुर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।
- दिगो अर्थतन्त्रका लागि कृषि सुधार कार्यक्रमहरु संचालन गरी एक घर एक बगैंचा नीतिलाई अनुशरण गरिनेछ ।पशुपालन र जडिवुटीजन्य उत्पादनका लागि प्राथमिकतामा राखिनेछ ।साथै जडिवुटी संकलनका लागि न्यायिक नियमन गरिनेछ ।
- अदानचुली गाँउपालिका भित्र ठुला मझौला तथा लघु जलविधुत आयोजनाहरुको संभाव्यता अध्ययन गराई संघिय सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदारहरुसंगसहकार्य गरि लगानी भित्र्याइनेछ ।
- समता, समानता र सशक्तिकरणको नितिलाई अवलम्बन गर्दै बालमैत्री, अपाङ्गमैत्री, लैङगिक मैत्री तथा छुवाछुतमुक्त गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिइ प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ ।
- गाँउपालिकामा हुन सक्ने भोकमरी तथा खाद्य संकटलाई मध्यनजर गर्दै तात्कालिन तथा दिर्घकालिन राहत तथा खाद्य सुरक्षाका लागि नेपाल सरकार र दातृ निकायहरुसग अनुरोध गरिनेछ ।

व.२०७५/७६को लागि श्रोत साधनहरुको अनुमान,तिनका माध्यमहरु र संकलनका रणनितिहरु

दानचुली गाँउपालिकाले अर्थ मन्त्रालय, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय र अन्यबाट प्राप्त र्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र वजेट सिलिङका आधारमा श्रोत अनुमान तथा बजेट मा निर्धारण समितिको निर्णय अनुसार श्रोत साधनको अनुमान गरेको छ ।

यसैगरी अब म आ.व २०७५/२०७६ को लागि विषयगत विकास नीति उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

## १.आर्थिक विकास

**कृषि कृषि तथा पशुपालनः**

- कृषिलाई आत्म सम्मान र आत्म निर्भर पेशाका रुपमा स्थापित गर्न यसै आर्थिक बर्षदेखि आत्म निर्भर कृषि पेशामा संलग्न २ जना कृषिकलाई *'अदानचुली समृद्धिको कृषि अभियान, आत्म निर्भता तर्फ हाम्रा किसान'* भन्ने कार्यक्रम मार्फत सम्मान गरिने छ ।
- कृषि पेशालाई आत्म निर्भर बनाउन आवश्यकको अनुदान दिने नीति अक्तियार गरिने छ । गाउँपालिकाका सबै घरधुरीलाई उन्नत जातका फलफूल तथा तरकारी उत्पादन गर्न**"एक घर एक बगैचा"**अभियान सन्चालन गरिने छ । यसका लागि यथेष्ठ बजेटको व्यवस्था गरेको छु ।
- संविधान प्रद्वत खाद्य संप्रभुताको अधिकारलाई कार्यान्वयनमा ल्याउनका लागि यसै आ.व. देखि **'आत्मनिर्भर कृषिका लागि नयाँ प्रविधि"** कार्यक्रम अन्तरगत पालिका स्तरिय माटो परिक्षण सेवाको सुरुवात गरिने छ ।
- कृषि तथा पशु क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धी गर्नका लागि उन्नजातका विउँ र नष्लहरुको वितरण तथा प्रचार प्रसार कार्यक्रमको थालनी गरिने छ ।
- पालिका स्थित कृषि तथा पशु पालन क्षेत्रमा सन्चालित कृषि तथा पशुपालनसँग सम्बन्धित फार्महरुको सुदृढीकरणका लागि ***प्रोत्साहन अनुदान कायक्रम*** मार्फत रकम प्रदान गर्ने व्यवस्था गरेको छु ।
- अदानचुली गाउँपालिका पशुपालनको उचित क्षेत्र हो । यस पालिकाका अधिकांश वासिन्दाको ठूलो आम्दानीको स्रोतका रुपमा पशुपालन क्षे नै रहेको छ तर हिउँदको समयमा चरम खडेरीको कारण पशु आहरको निकै समस्यालाई आत्मसाथ गर्दै यसै आर्थिक बर्षबाट चरण क्षेत्र विकास कार्यक्रमको अवधारणको शुरु गर्नुका साथै हिउँदको समयमा हरियो घाँस आपूर्थि गर्नको लागि डालेघाँसको विरुवा वितरणका लागि **डालेघाँसको नर्शरी स्थापना** गरिने छ । यसका लागि उचति बजेटको व्यवस्था गरेको छु ।
- सदाबहार तथा पतभर नर्सरीको स्थापनाका लागि उचित अनुदानको व्यवस्था गरिने छ । यसका लागि गाउँपालिकाको तर्फबाट येथेष्ट बजेको व्यवस्था गरेको छु ।

- स्थानिय स्तरमा परम्परागत रुपमा गरिएको निर्वाहमुखि पशुपालनलाई व्यवशायिक बनाउने निति बनाई कार्यान्वयन गरिनेछ ।कृषि पेसालाई सम्मानजनक पेसाको रुपमा स्थापित गरि आधुनिक र आत्मनिर्भर बनाउन भौगोलिक विविधता अनुसार २००० मि सम्म अन्न बालिको उत्पादन, २००० देखि ५००० मि सम्म फलफुल, ५००० मि भन्दा माथि बहुमुल्य जडिबुटि उत्पादन गर्ने तिन तहको कृषि योजना निर्माण गरि आधुनिक कृषि प्रणाली अवलम्बन गरिनेछ ।साथै यस क्षेत्रलाइ केरा, सुन्तला, कागति, अंगुर, दाँते ओखर, अनार, स्याउ जस्ता फलफुलहरुको पकेटक्षेत्रको रुपमा विस्तार गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

## उद्योग तथा वाणिज्य

- स्थानिय स्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग स्थापना तथा सञ्चालनमा जोड दिइनेछ ।
- स्थानिय स्तरमा उत्पादित वस्तु तथा सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ ।साथै स्थानिय उत्पादनको प्रयोगमा जोड दिइनेछ ।सिप कला ,दक्षता र शैक्षिक योग्यताको आधारमा न्यायोचित ढंगबाट रोजगारीको सृजना गर्न बेरोजगारहरुको तथ्यांक संकलन गरि योग्यता र क्षमताको आधारमा छुट्टै रोष्टर तयार पारि शैक्षिक प्रमाण पत्र धितो राखि बिना ब्याज ऋण उपलब्ध गराउन गाउँपालिका स्तरिय बेरोजगार कोष स्थापना गर्न पहल गरिनेछ ।

## पर्यटन तथा सँस्कृती

- विश्वमै लोपउन्मुख हाम्रो कला र सँस्कृतीलाई संरक्षण र सम्वर्द्धन गर्दै ***पाँच वर्षे अदानचुली सँस्कृती तथा पर्यटन गुरु योजना*** निर्माण गरी कार्यान्वयन गरिने छ । यसका लागि रु पाँच लाख बजेट बिनियोजन गरेको छ ।
- गाउँपालिकामा रहेका पर्यटकिय स्थान (अदानचुली, नौमुली, मनेकाध, ढिणालेख, दोमुख, मालिकाकोट, फापरराशी, भ्काडमाण्डौ, मुण्टेचौर, थान (मदानलेख) जस्ता) क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षीत गर्न पर्यटक पदमार्ग निर्माण कार्यलाई अघि बढाई गाउँपालिका, प्रदेश र संघिय सरकार समक्ष कार्यान्वयनका लागि विषेश पहल गरिने छ ।
- प्रस्तावित मदाना खौला विमानस्थललाई निर्माण गर्न पहल गरिनेछ ।पर्यटकिय हिसावले थुप्रै महत्व बोकेका अदानचुली, नौमुले लगायतका पर्यटकिय स्थानको पहिचान गरि पर्यटकिय पदमार्ग निर्माण गरि प्रचारप्रसारका साथै सो बाटो निर्माण कार्यलाई जोड दिइनेछ ।

## सहकारी तथा वित्तिय क्षेत्र

- सामुहिक सहकारी तथा वित्तिय क्षेत्र प्रवर्द्धनमा विशेष ध्यान दिइनेछ ।गाउँगाउँमा सहकारी घरघरमा/ भकारी भन्ने नारालाई अवलम्बन गरिनेछ ।

२.सामाजिक विकास

शिक्षा

- अदानचुली गाँउपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक तथा प्राविधिक सुविधाको विस्तार गरिनेछ ।विद्यालयको भौतिक संरचनाको निर्माण, पुननिर्माण तथा मर्मत सम्भार गर्ने, शिक्षक अविभावकको समस्या, विद्यालय छोड्ने दर घटाउन विभिन्न कार्यक्रमहरु ल्याइनेछ ।
- गाउँपालिका भित्र शैक्षिक गुणस्तर कायम गर्न सुविधा सम्पन्न आवासिय विद्यालय स्थापनाकालागि पहल गरिनेछ ।हरेक घर आधारभुत अक्षर भन्ने अभियान अन्तगर्त सञ्चालन हुने साक्षरता अभियानमार्फत पाँच बर्षमा गाउँपालिकालाइ पुर्ण साक्षर घोषणाको आधार तयार गरिनेछ ।
- गाउंपालिकाको शैक्षिक गुणस्तर कायम गर्न र प्राविधिक शिक्षामा अदानचुलीका विद्यार्थीलाई छात्रावृती तथा निशुल्कवृती प्रदान गर्न ५ लाखकोगाउँपालिका अध्यक्ष छात्रावृती कोष स्थापना गरिने। छात्रावृती कोषको रकम आवश्यक कार्यविधि बनाई वितरण गरिने व्यवस्था गरेको छु।
- गाउँपालिकामा हाल सञ्चालनमा रहेको गल्वा बहुमुखि क्याम्पसलाई पाँच बर्ष भित्रमा क्षेत्रकै नमुना क्याम्पसको रुपमा विकास गर्न छिमेकि जिल्ला तथा गाँउपालिका संग पहल को निति अक्तियार गरिनेछ ।
- गाँउपालिकाभित्र रहेका विद्यालयहरुमा १००% भर्नादर पुर्याउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

स्वास्थ्य

- गउंपालिकामा भएका विद्यमान स्वास्थ्य चौकीर सामुदायिक स्वास्थ्य क्लिनीकको स्तरोन्नती गर्दै स्वास्थ्य क्लीनिक नभएका वडाहरुमा यसै आ.व.देखि स्वास्थ्य क्लीनिकको स्थापना गरिने छ।
- आम नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य अधिकारको सुनिश्चित गर्न सरकारले व्यवस्था गरेको २५ शैयाको सुविधा सम्पन्न अस्पतलको यसै आ.व.मा संभाव्यता अध्ययन गरिने छ। यसका लागि यथेष्ट बजेटको व्यवस्था गरेको छु।
- गाउँपालिका नागरिकलाई औषधिको अभाव हुन नदिनका लागि गाउँपालिकाको केन्द्रमै औषधीको बफर स्टकको व्यवस्था गरिने छ। यसका लागि १५ लाखकको बजेटको व्यवस्था गरेको छु । त्यसबाट सबै वडा र स्वास्थ्य संस्थामा औषधि वितरणका लागि छुट्टै कार्यविधि बनाई कार्यान्वयनमा ल्याइने छ।
- गाउँपालिकाका आम नागरिकलाई आर्थिक अभावले उपचारमा समस्या नहोस भन्ने मान्यताले स्थापना गरेको गाउँपालिका स्तरिय स्वास्थ्य उपचार कोषलाई अँझ प्रभावकारी र पारदर्सि वितरणका लागि स्वास्थ्य उपचार कोष कार्यविधि बनाई कार्यान्वयनमा ल्याइने छ।
- गाउँपालिकाका सबै बालबालिका तथा नागरिकलाई पूर्णखोपको पहुँचमा पुऱ्याउँदै यसै आ.व. भित्रमा पूर्ण खोपयुक्त वडा तथा गाउँपालिका घोषणा गरिने छ । त्यसका लागि ३ लाख बजेटको व्यवस्था व्यवस्था गरेको छु ।

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ती तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन् अभिवृद्धिमा जोड दिइनेछ ।
- बिभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ ।
- आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस बर्ष अदानचुली गाउँपालिकाको वजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ ।यसको लागी आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम थालनी गर्ने र समयमै योजना तथा कार्यक्रमहरु सम्पन्न गरिनेछन् ।

लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फछ्यौंट र सुचना तथा संचार व्यवस्थापन

- गाँउपालिकाको आर्थिक कारोवारहरुको प्रचलित कानुनअनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ ।र नियमानुसार आ.ले.प र म.ले.प गरी बार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।
- वेरुजु र बेरुजु फछ्यौंटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ ।

माननीयसभाध्यक्ष ज्यू,
अब म आ.व.२०७५/०७६ को प्रस्तावित वजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आगामी आ.व.२०७५/७६ को लागि अदानचुली गाँउपालिकाको लागि रु. १४ करोड ५८ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।कुल विनियोजन मध्ये चालुतर्फ रु १० करोड ६३ लाख ३० हजार ७ सय (७२.९०%) र पुँजीगत तर्फ ३ करोड ९५ लाख १९ हजार ३ सय (२७.५%) विनियोजन गरेको छु ।नेपाल सरकारवाट शशर्त अनुदानवाट प्राप्त रु ७ करोड १४ लाख रुपैया चालुतर्फ राखिएको हुनाले चालु खर्चको अंश बढी देखिएको छ ।

कुल बजेट मध्ये

(१) आर्थिक विकास तर्फ रु १ करोड २० लाख विनियोजन गरेको छु ।
(२) सामाजिक विकास तर्फ रु ९० लाख १९ हजार ३ सय विनियोजन गरेको छु ।
(३) पुर्वाधार विकास तर्फ १ करोड ६० लाख विनियोजन गरेको छु ।
(४) वन तथा बाताबरण रु १ लाख ५० हजार बजेट विनियोजन गरेको छू ।
(५) संस्थागत विकास सेवा र सुशासन रु १० लाख विनियोजन गरेको छु ।

कानुन तथा न्याय:

- कानुन कार्यान्वयन वर्षका रुपमा यस आ.व.लाई उपयोग गर्दै यस अदानचुली गाउँपालिकालाई आवश्यक पर्ने कानुनको मस्यौदा तयारी गरी कार्यान्वयनमा ल्याइने छ ।
- उपाध्यक्षको संयोजकत्वमा गठित न्यायिक समितिलाई प्रभावकारी बनाउँदै गाउँपालिकामा आएका सबै विवाद समाधान गर्न न्यायिक कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ । साथै मेलमिलाप समतिको गठन गरी प्रभावकारी बनाइने छ । यसमा आवद्ध पदाधिकारी तथा कर्मचारीको क्षमता विकास तथा अन्य सामाग्रीका लागि यथेष्ट बजेटको व्यवस्था गरेको छु ।

## ३.पूर्वाधार विकास

### सडक तथा पुल

- गल्फागार्ड-श्रीनगर-कालिका जिल्ला सडकलाई निरन्तरता दिदै कार्यान्वयनका लागि प्रदेश, संघिय सरकार र विभिन्न दातृ निकाय (ग्रामीण पहुँच कार्यक्रम तथा अन्य निकायसँग) आवश्यक सहकार्य तथा पहल गरिने छ ।
- अदानचुली गौंउपालिकाको दक्षिण भाग ताँजाकोट गाउँपालिकाको सिमानावाट सडक विस्तार/ निर्माण कार्यलाई उच्च जोड दिइ काम थालनी गरिने छ । साथै अदानचुली गौंउपालिकाको केन्द्रदेखि सबै वडाहरुसम्म मोटरवाटो निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी वढाइने छ । साथै यस गौंउपालिका भित्र आवश्यक ठाँउहरुमा साना पक्की पुल तथा झलुङगे पुल निर्माणमा विशेष ध्यान दिइनेछ । साथै ठुला तथा मोटरे पक्की पुल निर्माणका लागि प्रदेश सरकार संघिय सरकार तथा दातृ  निकायहरुसँग सहकार्यका लागी आवश्यक पहल गरिनेछ ।
- ग्रामिण पहुँच कार्यक्रमको निर्माणाधिन सडक विस्तारलाई सबै वडासम्म पुर्याउन पहल गरिनेछ । साथै RAP 4 थपको लागी अनुरोध गर्ने विषय पनि सभावाट पारित गरेको छु ।
- गोडेटो र घोडेटो बाटो निर्माण ,विस्तार तथा सुधारमा ध्यान दिइनेछ ।
- स्थानिय आवश्यक्ताअनुसार पालिकाको संरचना निर्माण गर्न र नागरिकका माग संबोदन गर्न नागरिक संग  गौंउ पालिका अध्यक्ष  कार्यक्रम संचालन गरिने छ । त्यसका लागी रु ४० लाख विनियोजन गरेको छु ।
- समृद अदानचुली निर्माण गर्ने अभियानमा सहकार्य तथा समन्वय गर्न ईच्छुक परियोजना, संघ सस्था, तथा दातृ निकायको  लागी बवश्यक समपुरक कोषको बजेटको व्यवस्था गरेको छु ।

### ...ाई

- गाउँपालिकालाई कृषिमा आत्म निर्भर बनाउन वाँकै रहेका ठूला फाँटहरुको संभाव्यता अध्ययन गर्दै आवइक योजना गधी वढाइने छ । यसकालागियथेष्ठ बजेटको व्यवस्था गरिनेछ ।

- साना सिंचाई र लिफ्ट सिंचाई (कर्णालीको पानी तान्ने), थोपा सिंचाईका कार्यक्रमलाई यथेष्ठ बजेटको व्यवस्था गरिनेछ ।
- ठाडाकाट्ने देखि छालसम्मको वृहत सिँचाईको संभाव्यता अध्ययन गरी आवश्यक बजेट व्यवस्थाका लागि सरोकारवालाहरुसँग विशेष पहल गरिनेछ ।

भवन तथा सहरी विकास

- गाँउ पालिका लाई आफनै भवन बाटसंचालन गर्न साबिकको श्रीनगर गाविस भवन लाई पुनर निर्माण गरिने छ । यस्का लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु र विद्यालयहरुका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ ।
- संभाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- भवन निर्माण तथा सहरी विकास मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ ।

उर्जा लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)

- गाँउपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।
- "हरेक घर उज्यालो घर" कार्यक्रम सन्चालन गरि विद्युतको भरपर्दो व्यवस्था गर्न विगतमा यस क्षेत्रमा सन्चालनमा रहेका लघु जलविद्युत योजनाहरुलाइ प्रभावकारी रुपमा सन्चालनमा ल्याइ स्थानिय जनतालाइ विद्युत उपभोगको प्रवनध मिलाउनका लागि विभिन्न सरोकारवालाहरुसँगको साझेदारीमा जोड दिइनेछ ।साथै ठुला तथा मझौला जलविद्युत आयोजनाहरु निर्माणका लागि पहल गरिनेछ ।
- कुकुरफाल्न जलविधुत आयोजना र मछाइनी जलविधुतलाई गुणस्तरिय बनाउन जोड दिइनेछ ।
- निर्माणाधिन छहराखेत गल्फागाड लघुजलविद्युत आयोजनालाई उचित बजेट विनियोजन गरिनेछ ।
- नेपाल सरकार उर्जा मन्त्रालय नेपाल विद्युत प्राधिकरणलाइ यस गाउँपालिकामा सब स्टेसनका स्थापनाका लागि पहल गरि राष्ट्रिय प्रशारण लाइनमा जोड्नका लागी विशेष पहल गरिनेछ ।

[सञ्चा]र

- आजको युग विज्ञान प्रविधिको भएपनि यस क्षेत्रमा अझैपनि भरपर्दो सुचना र सन्चारको व्यवस्था हुन नसकेको हुँदा तत्काल Land Line टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराई कार्यारम्भ गरिनेछ ।विकाससँग सञ्चार र सञ्चारसँगै विकासको अवधारणा आत्मसाथ गरिनेछ ।
- सञ्चार प्रविधिलाई आत्मसाथ गर्दै अघि बढ्न थ्री जी सेवा सिडि एम ए वा एन सेल मोबाइल टावर निर्माणका लागि विशेष गरिनेछ ।

- सबै नागरिकलाइ सुचना र सञ्चारमा समाहित गर्न ग्रामिण रेडियो श्रीनगर एफ एमको स्तरन्नोती गर्दै प्रशारणमा पहुँच विस्तार गरिनुका साथै घेरबारमा सहयोग गरिनेछ ।
- कम्तिमा एक पत्रिका प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाँउ पालिकाको केन्द्रलाई प्रविधि मैत्रि बनाउन यसै आव बाट फ्रि वाई फाई व्यस्था मिलाईने छ । यस्का लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।

४.वातावरण तथा विपद व्यवस्थापन

<u>वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायू परिवर्तन</u>

- यस गाउँपालिकामा हरेको खाली जमिनलाई हरियाली बनाउन **अदानचुली हरियो अभियान** कार्यक्रम अन्तर्गत यस आ.व. मा १० लाखको वृक्षा रोपण कार्यक्रम सञ्चालन गरिने छ।
- व्यवस्थित वनजङ्गल नभईरहेको अवस्थामा सामुदायिक, कबुलिती र नीजि वनलाई प्रभावकारी व्यवस्थापन गर्ने नीति अनुरुप ***एक गाउँ एक सामुदायिक वन*** र ***एक घर एक निजि वन***को अभियानलाई प्रभावकारी बनाइने छ ।
- कालागार्ड देखि गल्फागार्ड मोहर (आर्यघाट) सम्म र तुम्च तलतणी देखि छालसम्म पर्ने कर्णाली किनराका जोखिमयुक्त क्षेत्रमा हुने भू-क्षयको अति जोखिमलाई नियन्त्रण गर्न व्यवस्थित तटबन्धन निमार्ण कार्यलाई अघि बढाइने छ।
- वन विनाशको दर तिव्रगतिमा बढिरहेको यस गाउँपालिकामा वन विनास रोक्न कडा निति तथा कार्यक्रमहरु ल्याइनेछ ।सबै सरोकारवालाहरुको सहकार्यमा खाली जग्गा, सार्वजनिक स्थल, सडकवाटो, नदि छेउछाउमा वृक्षारोपण कार्यलाई विशेष जोड दिइनेछ ।नेपाल सरकारको त्रिवर्षिय योजनाले नै देशको कुल क्षेत्रफलको ४५ प्रतिशत वन क्षेत्र पुर्याउने निति अखितयार गरेको हुँदा यस गाउँपालिकामा पनि वन क्षेत्रको विस्तारका लागि आवश्यक सबै निति तथा कार्यक्रमहरु अगाडी ल्याइनेछ ।
- जडीबुटी संकलन तथा प्रशोधन व्यवस्थापनमा जोड दिइनेछ ।
- दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्बन गरिनेछ ।
- जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- पानीका मुहान तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ ।कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ ।
- जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधिहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरि हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यसका लागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्यरत विभिन्न निकायहरुसँग सहकार्य गरि अगाडि बढिनेछ ।

फोहरमैला व्यवस्थापन SANITATY LAND FILL SITES

- फोहरमैला व्यवस्थापनका लागि फोहरमैला उत्पादनमा कमि गर्ने, पुन प्रयोग गर्ने तथा प्रशोधन (REDUCE, REUSE, RECYCLE) नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिकाभित्र उचित land fill sites तथा dumping sites को स्थान पहिचान तथा व्यवस्थापन गरिनेछ ।

जल उत्पन्न प्रकोप नियन्त्रण विपद व्यवस्थापन वारुण यन्त्र संचालन

- गाँउपालिकामा एक प्रकोप व्यवस्थापन कोष निर्माण गरिनेछ । साथै विपद व्यवस्थापन सम्वन्धि विभिन्न निकायहरुसँग उचित समन्वय गरिनेछ ।

५:संस्थागत विकास तथा सेवा प्रवाह

मानव संसाधन तथा संस्थागत क्षमता विकास

- गाँउपालिकाको समग्र विकास तथा कार्य सम्पादनका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ ।

संस्थागत पूर्वाधार नागरिक बडापत्र तथा टोकन प्रणाली

- गाँउपालिकाभित्र अपाङ्ग, असहाय, बालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ । साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ ।
- स्पष्ट र उपयोगी इलोक्ट्रोनिक/कम्प्युटराइज नागरिक बडापत्रको प्रयोगमा जोड दिइनेछ ।
- कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभाकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक बडापत्र, सुचनाको हकको प्रत्याभुति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

सेवा प्रवाहका मापदण्ड निर्धारण

- न्युनतम शर्त तथा कार्यसम्पादन मुल्याङकन(MCPM) निर्देशिकाको पालना गरिनेछ ।
- विकासका कार्यक्रमहरुमा सार्वजनिक निजी साझेदारी PPP को नीति अवलम्वन गरिनेछ ।

सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।
- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ ।

वित्तिय व्यवस्थापन र सुशासन

कोष परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण

## स्कृति प्रवर्द्धन

- भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ । यससँग सम्वन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । स्थानिय स्तरमा भएका सबै देवताका मन्दिरको पुनर्निर्माण गर्दै धामी डाँगर तथा कला र गला भएका सांस्कृतिककर्मीलाई क्षमता विस्तार गर्दै उनीहरुलाइ उचित सम्मान गरिनेछ । पर्यटन प्रवर्द्धनमा थप आत्मनिर्भर बनाउन विशेष योजना निर्माण गरिनेछ ।
- गाँउपालिकामा रहेका गुम्वा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्वर्द्धनका लागि जोड दिइनेछ ।
- गाँउ पालिका भित्र रहेका लोपउन्मुख संस्कृति पर्यटकिय स्थल परम्पराको संरक्षण तथा पर्वधनको लागी वितरन्चि निर्माण तथा पोष्टर पप्पेलेट तयार पार्नको लागी आवश्यक बजेट व्यवस्था गरेको छ ।

## लैङ्गिक समानता एंव समाजिक समावेशीकरण

- महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका बर्गको लागि विभिन्न लक्षित कार्यक्रमहरु ल्याइनेछ र ति कार्यकमहरु उनिहरुबाटै संचालन गर्न उत्प्रेरित गरिनेछ । राष्ट्रिय मुलप्रवाहीकरणको नीति अवलम्बन गरिनेछ । अबको विकासलाइ बालमैत्री, अपाङ्गमैत्री, महिलामैत्री तथा अन्य पछाडि परेका बर्गको उत्थान हुने गरि अगाडी बढाइनेछ । समाजमा विभेदकारी व्यवहार तथा संस्कार अद्यापी कायम रहेको हुँदा त्यसको निराकरणका लागि आवश्यक कानुन तथा कार्यक्रमहरु ल्याइनेछ । बालमैत्री स्थानीय शासन लागु गर्न विभिन्न गतिविधिहरु सन्चालन गरिनेछ ।
- मानव वेचबिखन, घरेलु हिंसा, बालश्रम छुवाछुत तथा सामाजिक कुरितीको रुपमा रहेका प्रथाहरुको सवै पक्षहरुको सहयोगमा न्युनिकरण गरिनेछ ।
- महिला, बालबालिका, दलित, अपाङ्ग, जेष्ठ नागरिक, असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्वन्धी सचेतना कार्यक्रम संचालनमा सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ । साथै संचालन भैसकेका कार्यक्रमहरुलाई पनि निरन्तरता र सम्मान गरिनेछ ।
- गाउँपालिका भित्र भएका जेष्ठ नागरिक एकल महिला पुरुषलाई पालन पोषण र रेखदेखका लागि सुविधासम्पन्न वृद्धाश्रमको स्थापना गर्न पहल गरिनेछ ।
- गाउँपालिकामा पछि परेका एकल, असहाय, दलित, दुर्गम जनजाती तथा विपन्न महिलाहरुकालागी प्राथमिकताको आधारमा विभिन्न सिपको विकास गरी उधमसिल बनाउन ९ लाखको **'दिदि बहिनीसगँ उपाध्यक्ष कार्यक्रम'** यसैवर्ष देखि सञ्चालन गरिनेछ ।
- बद्यमामान संविधान, कानुनप्रति गाउँपालिकामा महिलालाई प्रशिक्षित गराउँदै लैंगिक हिंसा र घरेलु हिंसाको न्यूनिकरण गर्न यसै आ.व. महिला सचेचता कार्यक्रम सञ्चालनमा जोड दिइने नीति लिएको छ ।
- गाउँपालिकामा भएका सबै शिक्षण संस्था तथा सामाजिक संस्थालाई बालमैत्री बनाउँदै बालमैत्री स्थानीय शासन बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

## ...रसफाई

- सफा खानेपानी तथा पुर्ण सरसफाईका लागि विशेष ध्यान दिईनेछ । खानेपानीको समस्या टड्कारो देखिएको हुँदा यस गाउँपालिकाभित्र सम्भाव्य परियोजनाहरुको अध्ययन गरि शिघ्र दिगो समाधानको बाटो खोजिनेछ । साविकमा सन्चालनमा रहेका खानेपानीका बहुवर्षिय आयोजनाहरुलाइ समयमै सम्पन्न गराउन र नयाँ परियोजनाहरु सन्चालनमा ल्याउन विशेष जोड दिइनेछ ।
- "सफा र स्वच्छ खानपान, अदानचुलीवासीको पहिचान" नारालाइ मुर्तरुप दिन गाँउ पालिका स्तरममा पुर्ण सरसफाई कार्यक्रम संचालन गरिनेछन् । यस्का लागी यथेष्ट बजेटको व्यवस्था गरेको छु ।
- पुर्ण सरसफाई गाँउपालिका बनाउन पाँच बर्षे खानेपानी तथा सरसफाई गुरुयोजना निर्माणको पुर्वाधार तयार गरिने छ । यस्का लागी आवश्यक बजेट व्यवस्था गरिने छ ।
- सिसा र पलास्टिक रहित गाँउपालिका निर्माणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- सफा र स्वच्छ अदानचुली गाँउपालिका निर्माणको लागि यहाँबाट निस्कने फोहरमैलाहरुको उचित व्यवस्थापन गर्नुपर्ने हुँदा उपयुक्त डम्पिङ साईट तथा ल्याण्डफिल्ड साईडको निर्माण तथा व्यवस्थित संचालनमा विशेष जोड दिइनेछ ।

## खेलकुद

- समाज निर्माणको ठूलो अविभारा बोकेका यूवा शक्तिलाई आफ्नै ठाउँ र गाउँमा बसेर प्रशस्त आयआर्जन गर्ने संकल्प गर्दै रचनात्मकताको भावना जागृत गराउन आवश्यक छ । अथाहा संभावना हुँदाहुँदैपनि अहिलेपनि गरिबी र अभावको खानीका रुपमा रहेको हाम्रो ठाउँमा 'सुन सिरानीमा राखेर नुनको खोजि गर्ने' जस्तो हाम्रो मानसिकतालाइ माथी उठाउन आवश्यक छ ।
- बेरोजगार युवासँग अदानचुली गाउँपालिका कार्यत्रम सन्चालन गरेर यो आर्थिक वर्षमा प्रत्येक वडाको प्रतिनिधित्व हुने गरी २० जना उद्यमसिल युवालाई ५० हजारका दरले व्यावासायिक अनुदान कार्यक्रम सन्चालन गरिने छ । यसको सन्चाल कार्यविधि गाउँकार्यपालिकाले कार्यविधि बनाई कार्यान्वयनमा ल्याउने छ ।
- राष्ट्को चिनारी, सद्भाव र मित्रताको भावना बढाउने विश्वमा खेलकुद नै भएकाले यस गाउँपालिकाको चिनारी र दक्ष खेलाडि एवम् स्वस्थ नागरिक उत्पादन गर्न गाउँपालिकामा स्वास्थ्यका लागि खेलकुद, राष्ट्रको लागि खेलकुद अन्तर्गत 'गाउँपालिका अध्यक्ष कप' को आयोजना गरी विभिन्न खेलहरु खेलाइने छ ।
- खेल क्षेत्रको विकास गर्न गाउँपालिका क्षेत्रमा व्यवस्थित एक खेल मैदान निर्माणका लागी आवश्यक पहल गरिनेछ ।

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू वडाध्यक्ष ज्यूहरु,कार्यपालिका सलश्य ज्युहरु , व्यवस्थापिका सदश्यज्यु हरु लगायत वडासमितीहरु राजस्व र बजेट सम्वन्धीका विभिन्न समितीहरु बुद्धिजिविज्यूहरु विभिन्न राजनैतिक दलका साथीहरु नागरिक समाज पत्रकार प्रमुख प्रशासकिय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी सम्पूर्ण अदानचुलीवासी सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस अदानचुली गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने अदानचुली गाउँपालिकाकाका नागरिक कर प्रदायकहरु अदानचुली गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

विविध समस्याहरुका माझमा हिड्दै गर्दा अपेक्षित लक्ष्य हासिल गर्न केही समय लाग्न सक्छ तर लक्ष्य पुरा नै नहुने भन्ने होइन । थप समन्वय, सहकार्यका साथ हाम्रा विकास प्रयासहरुलाइ अझ मजबुत बनाइदै लगिने कुरामा तपाइहरुलाइ विश्वाश दिलाउन चाहन्छु ।

सौमति रावल ऐडी
उपाध्यक्ष
अदानचुली गाँउ पालिका

धन्यवाद ।

अदानचुली गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
श्रीनगर हुम्ला
कर्णाली प्रदेश नेपाल

## गत २०७४/०७५ को आय व्यय विवरण

| शिर्षक | आय | व्यय | बाँकी |
|---|---|---|---|
| सञ्चालन तर्फ | १०३२१७६८० | १०३११५६८० | १०२००० |
| पुँजीगत तर्फ | ११४२६८६१८ | ९३९८७००० | २०२८१६१८ |
| बहुउद्देश्यीय पोषण परियोजना | ११०००००० | ११०००००० | ० |
| कर्णाली रोजगार तर्फ | १०००००००० | १०००००००० | ० |
| बाल र सा सु | २०८४२००० | २०८४२००० | ० |
| एल जी सी डि पी | ११५६००० | ९०६००० | २५०००० |
| ग्रामीण पुर्वाधार तथा जिविकोपार्जन कार्यक्रम | ६५९४४४४ | ६५९४४४४ | ० |
| | | | |
| जम्मा | २५७१७८७४२ | २३६५४५१२४ | २०६३३६१८ |

अदानचुली गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
श्रीनगर हुम्ला
कर्णाली प्रदेश नेपाल

# आ.व.२०७६।०७७ को प्रस्तावित बजेट

| शिर्षक | आव २०७५।०७६ को चालु बजेट | १० प्रतिशत थप | कुल बजेट |
|---|---|---|---|
| नेपाल सरकार वित्तीय समानिकरण | ६०००००० | ६००००० | ६६०००००० |
| प्रदेश सरकार वित्तीय समानिकरण | ४८७५००० | ४८७५०० | ५३६२५०० |
| राजश्व केन्द्रिय सरकार | ९५००००० | ९५०००० | १०४५०००० |
| राजश्व प्रदेश सरकार | ७५००० | ७५०० | ८२५०० |
| सशर्त अनुदान | ७६३५०००० | ७६३५००० | ८३९८५००० |
| कर्णाली रोजगार | १००००००० | १०००००० | ११०००००० |
| बाल र सा सु | २०८४२००० | २०८४२०० | २२९२६२०० |
| एल जी सी डि पी | | ० | ० |
| आन्तरिक स्रोत | | ० | ० |
| | १८१६४२००० | १८१६४२०० | १९९८०६२०० |

## अदानचुली गाँउपालिका विधेयक तथा ऐन २०७५

| क स | विधेयक तथा ऐनको नाम | प्रस्तावक | समर्थक |
|---|---|---|---|
| १ | स्थानिय राजपत्र प्रकाशन सम्बन्धि कार्य विधि ऐन २०७५ | श्री जगत भियाल | श्री दत्त बिष्ट |
| २ | अदानचुली गाउँपालिकाको स्थानिय सेवा ऐन २०७५ | श्री बिष्णु थापा | श्री सुरजित्या टमटा |
| ३ | अदानचुली गाउँपालिकाको स्थानिय स्वास्थ्य तथा सरसफाइ ऐन २०७५ | श्री दल बहादुर बुढा | श्री लालपरु सुनार |
| ४ | अदानचुली गाउँपालिकाको स्थानिय शिक्षा ऐन २०७५ | श्री रग्या थापा | श्री बिष्णु थापा |
| ५ | अदानचुली गाउँपालिकाको पूर्वाधार विकास सम्बन्धि ऐन २०७५ | श्री महाविर छत्याल | श्री दल बहादुर बुढा |
| ६ | न्यायधिक समितिको कार्वाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ | श्री दत्त बिष्ट | श्री महाविर छत्याल |